# बोटलर्स नेपाल लिमिटेडका शेयरधनी महानुभावहरुलाई त्रिचालिसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७८ साल मंसिर १४ गते, मंगलबार (तदनुसार नोभेम्बर ३०, २०२१) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको त्रिचालिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान**

- मिति : २०७८, पौष २८ गते (तदनुसार जनवरी १२, २०२२)
- समय : ४:०० बजे।
- स्थान : होटल र्‍याडिसन, लाजिम्पाट, काठमाण्डौं।

कोभिड १९ (कोरोना महामारी) को जोखिम अझै जारी नै रहेको हुँदा सम्पूर्ण शेयरधनी महानुभावलाई सकेसम्म भर्चुअल माध्यम एम.एस. टिम्सबाट नै सभामा सहभागी भई दिनु हुन अनुरोध छ। सभा तोकिएको समयमा संचालन हुने भएकोले शेयरधनी उपस्थिति पुस्तिका र/वा भर्चुअल प्लेटफर्म ठिक ३:०० बजे खुल्ला गरिनेछ।

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।

ख) प्रबन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा उपर छलफल गरी पारित गर्ने।

ग) एक जना स्वतन्त्र संचालक र एक जना सर्वसाधारणको प्रतिनिधित्व गर्ने संचालकको नियुक्ति गर्ने।

**२. विशेष प्रस्ताव**

क) एकिकृत वित्तिय विवरण, सम्वत् २०७८ असार ३१ गते सम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

**निम्नबमोजिमको प्रस्ताव उपर छलफल गरी उचित देखिएमा संशोधन सहित वा विना संशोधन पारित गर्नेः**

"एकिकृत वित्तिय विवरण, सम्वत् २०७८ असार ३१ गते सम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन प्राप्त गरी, त्यस उपर छलफल गरी पारित गर्ने।"

ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने।

**निम्नबमोजिमको प्रस्ताव उपर छलफल गरी उचित देखिएमा संशोधन सहित वा विना संशोधन पारित गर्नेः**

"श्री सी.एस.सी. एण्ड को चाटर्ड एकाउन्टेन्स् (फर्म रजिष्ट्रेशन नं. ५७) (श्री बिकेश माधिकर्मी, पार्टनर) लाई कम्पनीको लेखापरिक्षकको रुपमा आ.व २०७८/७९ को लागि पुनः नियुक्ति गर्ने र निजको पारिश्रमिक रु. ५००,०००।-(अक्षेरेपी पाँच लाख मात्र) (एकिकृत सहित) (लाग्ने खर्च बाहेक) (सम्पूर्ण कर सहित तर भ्याट बाहेक) लेखापरिक्षण शुल्कको रुपमा प्रदान गर्ने निर्णय गर्ने।"

**३. विविध**

दृष्टव्यः त्रिचालिसौं वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०७८/०९/२१ गते देखि मिति २०७८/०९/२८ सम्म कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। साधारण सभा सम्बन्धी अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ।

संचालक समतिको आदेशानुसार

..................................

**प्रतीमा बर्मा**

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ। कुनै कारणवश, यदि कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेवसाईट www.bnl.com.np मा पनि राखिएको छ।

२. सभामा भर्चुअल माध्यमबाट भाग लिन चाहने महानुभावहरुले चन्द्र भास डङ्गोल chandra.dangol@nabilinvest.com.np र rta@nabilinvest.com.np मा ईमेल वा फोन नं. ०१-४४११६०४ ext. ११६ मा फोन मार्फत अनुरोध गर्न सक्नुहुनेछ र उक्त शेयर धनी महानुभावलाई साधारण सभाको बैठकमा भाग लिनका लागी चाहिने लिङ्क शेयरधनी महानुभावको इमेलमा पठाईनेछ।

३. सभामा भौतिक रुपमा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ। कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणबश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिएको छ। शेयर अभौतिकरण गराइसक्नु भएका शेयरधनी महानुभावलाई निजको डिम्याट अकाउन्ट वा परिचय पत्र पेश गर्नहुन अनुरोध गरिन्छ।

४. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेलमा अनुरोध गर्नु पर्नेछ।

५. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत चन्द्र भास डङ्गोल chandra.dangol@nabilinvest.com.np वा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ।

६. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ। कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ।

७. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।

८. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ।

९. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौमा अथवा फोन नं. ४३५०६०२ वा ४३५१८७१ ext. २०२ वा २५३ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नविल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४४११६०४ ext. ११७ वा १५२ मा सम्पर्क गर्नु होला।

**निर्वाचन सम्बन्धि अन्य जानकारी**

१०. संचालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनी प्रचलित कानून तथा कम्पनीको प्रबन्ध पत्र र नियमावली बमोजिम संचालक हुन योग्य भएको हुनुपर्नेछ।

११. संचालक निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु औद्योगिक क्षेत्र, काठमाडौंको सूचना पाटीमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न इच्छुक शेयरधनी तथा उम्मेदवार समेतले कार्यालय समय भित्र सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

१२. निर्वाचन सम्बन्धि अन्य जानकारी निर्वाचन अधिकृतद्वारा छुट्टै कम्पनीको कार्यालयभित्रको सूचना पाटीमा प्रेषित गरिनेछ।